मेन्छयायेम गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

मोराहाङ्ग, तेह्रथुम

# स्थानीय राजपत्र

खण्ड ३, संख्या १८, असार १० गते, २०७९ साल

सभाबाट स्वीकृत मिति :- २०७९।०३।१०

# मेन्छयायेम गाउँपालिका विनियोजन ऐन, २०७९

**मेन्छयायेम गाउँपालिकाको आर्थिक बर्ष २०७९/०८० को सेवा र कार्यहरूको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन**

**प्रस्तावनाः-** मेन्छयायेम गाउँपालिकाको आर्थिक बर्ष २०७९/०८० को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) मेन्छयायेम गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **मेन्छयायेम गाउँपालिका विनियोजन ऐन, २०७९** रहेको छ ।

(२) यो ऐन मिति **२०७९ साउन १** गतेदेखि प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७९/०८० को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०७९/०८० को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त **अनुसूची १** मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रू. ३२,०३,१५,१६२.४९।- (अक्षेरूपी बत्तीस करोड तीन लाख पन्ध्र हजार एक सय बैसाठी रूपैयाँ उन्पचास पैसा मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः** (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९/०८० को निमित्त मेन्छयायेम गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शिर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको २० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालू खर्च शिर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालू तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको २० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरूमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सभा सञ्चालन नभएको अवस्थामा कुनै योजना तथा कार्यक्रम संशोधन गर्न वाञ्छनिय भएमा सभा बाट अनुमोदन गराउने गरी कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

## अनुसूची– १

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

**संञ्चित कोषबाट विनियोजन हुने रकम**

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | **गाउँ कार्यपालिका** | २३,५५,०५,१६२.४९ | ८,४८,१०,००० | | ३२,०३,१५,१६२.४९ |
| २ | | **वडा समिति** | ३६,००,००० | | | ३६,००,००० |
| ३ | | **बिषयगत शाखा** | | | | २,४८,९०,७२५ |
| | | शिक्षा सेवा शाखा | | | | १,१२,६३,००० |
| | | स्वास्थ्य सेवा शाखा | | | | ७०,९०,००० |
| | | आरोग्य केन्द्र | | | | ५,०५,००० |
| | | कृषि सेवा शाखा | | | | १७,४२,७२५ |
| | | पशु सेवा शाखा | | | | २५,००,००० |
| | | महिला विकास शाखा | | | | ५,५०,००० |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | -- | -- | -- | |
| ५ | | लगानी / शेयर / ऋण | -- | -- | -- | |